apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१




● वर्ष: १२ ● अंक: २५० ● पृष्ठ: ४ ● ०९ असोज २०८३ शुक्रबार (25 September 2026. Friday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

## 'सतर्क रहौं, सुरक्षित रहौं', मधेश सरकारको आग्रह

✍अपन दैनिक संवाददाता
सिरहा, असोज ०८ गते




भारी वर्षासँगै बाढी, पहिरो, डुबान तथा अन्य सम्भावित विपद्को जोखिम बढेपछि मधेश प्रदेश सरकारले उच्च सतर्कता अपनाउन आग्रह गरेको छ।

गृह, सञ्चार तथा कानुन मन्त्रालयले प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बिहीबार बसेको बैठकको निर्णय तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट जारी सूचना र सतर्कतालाई आधार बनाउँदै विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि आवश्यक व्यवस्था मिलाइएको जनाएको हो।

मन्त्रालयका अनुसार सम्भावित विपद्को समयमा आवश्यक खाद्यान्न, दैनिक उपभोग्य वस्तु, औषधि तथा उद्धार सामग्रीको पूर्व व्यवस्था गरी तत्काल परिचालन गर्न सक्ने अवस्थामा राखिएको छ। सुरक्षा निकायलाई उच्च सतर्कताका साथ तयारी अवस्थामा राखिएको र आवश्यकताअनुसार उद्धार तथा सुरक्षाकार्यमा परिचालन गर्ने व्यवस्था मिलाइएको मन्त्रालयले जनाएको छ।

सम्भावित विपद्बाट बढी प्रभावित हुनसक्ने जोखिमयुक्त क्षेत्रको पहिचान गरी त्यहाँ रहेका नागरिकको सुरक्षालाई प्राथमिकतामा राखिएको मन्त्रालयले उल्लेख गरेको छ। ज्येष्ठ नागरिक, बालबालिका, महिला, अपाङ्गता भएका व्यक्ति तथा अन्य जोखिममा रहेका समूहको सुरक्षामा विशेष ध्यान दिइएको छ।

आवश्यक परे जोखिमयुक्त क्षेत्रबाट उनीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने व्यवस्था मिलाइएको मन्त्रालयले जनाएको छ। स्थानीय तहसँग समन्वय गरी सम्भावित जोखिमको अवस्था पहिचान, उद्धार तथा राहत व्यवस्थापनलाई प्रभावकारी बनाउने तयारी गरिएको छ।

विपद्का समयमा सूचना सम्प्रेषणलाई प्रभावकारी बनाउन नियमित रूपमा मौसम, बाढी तथा अन्य जोखिमसम्बन्धी सूचना प्रवाह गर्ने व्यवस्था मिलाइएको छ। स्वास्थ्य, विद्युत् र सञ्चारजस्ता अत्यावश्यक सेवा अवरुद्ध हुन नदिन सम्बन्धित निकायबिच समन्वय र सहकार्यलाई उत्तिकै प्राथमिकता दिइएको छ।

गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले सम्भावित विपद्को जोखिमलाई ध्यानमा राख्दै नागरिकलाई आवश्यक सावधानी अपनाउन आग्रह गरे। उनले नदी, खोला तथा डुबानको जोखिम भएका क्षेत्रमा अनावश्यक आवतजावत नगर्न र जोखिमयुक्त स्थानमा नजान अनुरोध गरिएको जानकारी दिए।

मन्त्री महतोले विपद्को समयमा सामाजिक सञ्जालमा फैलिने अपुष्ट सूचनाभन्दा सम्बन्धित सरकारी निकायबाट जारी हुने आधिकारिक सूचना र सुरक्षासम्बन्धी सन्देशलाई आधार बनाउनुपर्नेमा जोड दिए।

उनका अनुसार प्रदेशका सबै स्थानीय तहसँग समन्वय गरी स्थानीयस्तरमा पूर्वतयारी, उद्धार, राहत तथा प्रतिकार्यलाई प्रभावकारी बनाउने व्यवस्था मिलाइएको छ। सम्भावित विपद्को अवस्थामा प्रदेश, जिल्ला तथा स्थानीय तहका संयन्त्रबिच समन्वय गरी आवश्यक जनशक्ति र स्रोतसाधन तत्काल परिचालन गरिने उनले बताए।

'सतर्क रहौं, सुरक्षित रहौं' भन्ने सन्देशसहित मन्त्री महतोले विपद्को जोखिम न्यूनीकरण तथा सम्भावित क्षति कम गर्न प्रदेश सरकार, स्थानीय तह, सुरक्षा निकाय, सञ्चार क्षेत्र र नागरिक समाजलगायत सबैलाई सहयोग र समन्वयका लागि आग्रह गरेका छन्।

## मधेश सरकारद्वारा सशस्त्र प्रहरीलाई २० थान मोटरसाइकल हस्तान्तरण



✍अपन दैनिक संवाददाता
जनकपुरधाम, असोज ०८ गते

मधेश प्रदेश सरकारले सशस्त्र प्रहरी बललाई २० थान मोटरसाइकल हस्तान्तरण गरेको छ।

मधेश प्रदेश सरकारका गृह, कानुन तथा सञ्चारमन्त्री फकीरा महतोले सशस्त्र प्रहरी बल मधेश प्रदेश प्रमुख डीआइजी विष्णुप्रसाद भट्टलाई मोटरसाइकलको साँचो र ब्लुबुक हस्तान्तरण गरेका हुन्।

सीमा सुरक्षा, शान्ति सुरक्षा तथा नियमित गस्तीलाई थप प्रभावकारी बनाउन सशस्त्र प्रहरीलाई मोटरसाइकल उपलब्ध गराइएको मन्त्रालयले जनाएको छ।

यसअघि बुधबार मात्रै मधेश प्रदेश सरकारले नेपाल प्रहरीलाई ३५ थान मोटरसाइकल उपलब्ध गराएको थियो।

मन्त्री महतोका अनुसार प्रदेश सरकारले सुरक्षा निकायका लागि थप १० थान मोटरसाइकल आवश्यकताका आधारमा सम्बन्धित स्थानमा उपलब्ध गराउने तयारीसमेत गरेको छ।

मन्त्री महतोले प्रदेशका सुरक्षा निकायलाई आवश्यक स्रोतसाधन उपलब्ध गराउँदै सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाउनेतर्फ प्रदेश सरकार केन्द्रित रहेको बताए।

## स्मार्ट डिजिटल बोर्डको प्रयोगले शिक्षण-सिकाइ प्रभावकारी बन्दै



✍अपन दैनिक संवाददाता
सिरहा, असोज ०८ गते

सिरहा जिल्लाका १७ वटै पालिकाका सामुदायिक विद्यालयमा क्रमश: डिजिटल स्मार्ट बोर्डको प्रयोग बढाउन थालिएको छ। यसबाट शिक्षण-सिकाइ प्रभावकारी हुने अपेक्षा गरिएको छ।

सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमा विद्यार्थी भर्नाको आकर्षण बढ्दै गएपछि सामुदायिक विद्यालयको स्तरोन्नतिका लागि जस्तापातामुक्त भवन तथा कक्षाकोठामा डिजिटल स्मार्ट बोर्डको प्रयोगलाई प्राथमिकतामा राखिएको शिक्षा विकास तथा समन्वय इकाइ सिरहाका प्रमुख शशिकुमार यादवले बताउनुभयो। उहाँका अनुसार जिल्लाका १७ वटै पालिकामा सामुदायिक विद्यालय सुधारका लागि सकारात्मक पहल भइरहेको छ।

लहान नगरपालिकाका ५९ वटै सामुदायिक विद्यालयमा स्मार्ट डिजिटल बोर्ड जडान गर्ने योजनाअन्तर्गत नमुना विद्यालयका भवन निर्माण तथा बोर्ड जडानको काम अघि बढाइएको लहान नगरपालिका शिक्षा शाखाका प्रमुख

बाँकी पृष्ठ ४ ▸▸

## 'लम्पी स्किन' सङ्क्रमण डेढ सयभन्दा बढी चौपाया मरे

✍अपन दैनिक संवाददाता
बर्दीबास, असोज ०८ गते



मधेश प्रदेशमा चौपायामा लाग्ने 'लम्पी स्किन' रोगको सङ्क्रमण तीव्र रूपमा फैलिएको छ। गत जेठमा फाट्टफुट्ट देखा परेको यो रोगको समयमै खोप, उपचार तथा नियन्त्रण प्रभावकारी नहुँदा प्रदेशका आठ जिल्ला प्रभावित बनेका छन्। पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय मधेश प्रदेशका अनुसार 'लम्पी स्किन' बाट गाईगोरु र बाच्छाबाच्छी गरी १७५ चौपाया मरिसकेका छन् भने १० हजारभन्दा बढी चौपाया थलिएका छन्। माग अनुसार खोपको आपूर्ति हुन नसक्दा सङ्क्रमित चौपायाको सङ्ख्या बढ्न सक्ने जनाइएको छ।

निर्देशनालयका अनुसार 'लम्पी स्किन' बाट सबैभन्दा बढी सिरहामा १४४ चौपाया मरेका छन्। महोत्तरीमा ३१, रौतहटमा १२, सप्तरीमा १०, सर्लाहीमा पाँच र धनुषामा चार चौपाया मरेका हुन्। बारा र पर्सा जिल्लमा सङ्क्रमणबाट मरेका चौपायाको विवरण सङ्कलन भइरहेको निर्देशनालयले जनाएको छ। निर्देशनालयका वरिष्ठ पशु विकास अधिकृत डा. राजकुमार साहका अनुसार प्रदेशका आठ जिल्लामध्ये सप्तरीमा यसको सङ्क्रमण उच्च छ। जिल्लागत रूपमा सिरहा, धनुषा, महोत्तरी र रौतहटमा बढी प्रकोप देखिएको छ।

डा. साहले भन्नुभयो, "प्रदेशका आठ वटै जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ कार्यालयबाट निर्देशनालयलाई प्राप्त पछिल्लो विवरण

बाँकी पृष्ठ ३ ▸▸

## भारी वर्षाको सम्भावनाबीच सिरहाको कमला-बलान नदिको अवस्था बुझ्न प्रशासनको स्थलगत निरीक्षण



✍अपन दैनिक संवाददाता
सिरहा, असोज ०८ गते

जल तथा मौसम विज्ञान विभागले देशका विभिन्न स्थानमा केही दिनसम्म भारीदेखि अति भारी वर्षा हुने पूर्वानुमान गरेपछि जिल्ला प्रशासन कार्यालय सिरहाले जिल्लाका प्रमुख नदीहरूको अवस्थाबारे निरीक्षण गरेको छ। सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालको नेतृत्वमा नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र राष्ट्रिय अनुसन्धान विभागका सुरक्षाकर्मी सम्मिलित टोलीले सिरहा-धनुषा जोड्ने कमला नदी तथा सिरहा-सप्तरी जोड्ने लहानस्थित बलान नदीको निरीक्षण गरेको हो।

निरीक्षणका क्रममा हाल दुवै नदीको अवस्था सामान्य रहेको सहायक प्रमुख जिल्ला अधिकारी बरालले जानकारी दिए। उनका अनुसार कमला नदीमा बुधबार पानीको बहाव केही बढेको देखिए पनि विहिवार भने सामान्य अवस्थामा रहेको छ। बलान नदिको अवस्था पनि हालसम्म समान्य रहेको उनले बताए।

बरालका अनुसार बलान नदीमा पानीको बहाव थप बढेमा सखुवानन्कारकट्टी नगरपालिका-५ प्रभावित हुन सक्ने भएकाले स्थानीय सरकारसँग समन्वय गरी सम्भावित क्षति न्यूनीकरणका उपायबारे छलफल भइरहेको छ।

त्यस्तै, कमला नदीमा पानीको बहाव बढेमा सिरहा र धनुषातर्फका केही बस्ती तथा वडा जोखिममा पर्न सक्ने प्रशासनको आकलन छ। सिरहा नगरपालिकाको वडा नम्बर ६ पूर्णरूपमा प्रभावित हुन सक्ने तथा आसपासका केही वडा

बाँकी पृष्ठ ४ ▸▸

## मितव्ययी रुपमा चाडपर्व मनाऔं

- चाडपर्व मनाउदा आम्दानी अनुसारको योजना बनाएर मात्र खर्च गरौं।
- देखासिकी र प्रतिस्पर्धाका लागि ऋण लिएर अनावश्यक खर्च नगरौं।
- आवश्यकता अनुसार मात्र सरसामान खरिद गर्ने बानी बसालौं।
- खरिद गर्दा स्थानीय तथा स्वदेशी उत्पादनलाई प्राथमिकता दिऔं।
- खाना तथा अन्य सामग्री खेर नफालौं।
- मितव्ययिता अपनाई परिवारको आर्थिक स्थायित्व कायम गरौं।
- चाडपर्वलाई अनावश्यक भड्किलो र खर्चिलो नबनाऔं।

**चाडपर्वको खुसी खर्चको प्रतिस्पर्धामा होइन, आत्मीयता र सद्भावमा हुन्छ।**

नेपाल सरकार
विज्ञापन बोर्ड



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

## सम्पादकीय...

# सिडियो फिर्ता र कारबाही

सिरहाको गोलबजारमा भएको गोलीकाण्डले जिल्लाको सुरक्षा व्यवस्थापन, प्रशासनिक नेतृत्व र राज्यको जवाफदेहितामाथि गम्भीर प्रश्न खडा गरेको छ। घटनाको छानबिन गर्न गठित समितिले तत्कालीन प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलसहित केही सुरक्षा अधिकारीमाथि कारबाहीको सिफारिस गरेको विवरण सार्वजनिक भएको छ। त्यसपछि गृह मन्त्रालयले पौडेललाई सिरहाबाट फिर्ता बोलाएको छ। गोलबजार घटनामा १५ वर्षीय गणेश यादवको मृत्यु प्रहरीको गोलीबाट भएको निष्कर्ष छानबिन समितिले निकालेको सार्वजनिक भएको छ। घटनाको सुरक्षा व्यवस्थापन र कमान्ड तहको भूमिकामाथि समेत प्रश्न उठेको छ। यस्तो अवस्थामा प्रमुख जिल्ला अधिकारीलाई काठमाडौं तान्नु प्रशासनिक कदम हुन सक्छ, तर यसले मात्रै नागरिकका प्रश्नको जवाफ दिँदैन। सिरहाका लागि अहिलेको मुख्य घटनामा गल्ती कहाँ भयो र त्यसको जिम्मेवारी कसले लिने ? भन्ने हो। प्रमुख जिल्ला अधिकारी जिल्लामा नेपाल सरकारको प्रतिनिधि मात्र होइन, शान्ति-सुरक्षा, नागरिक सेवा, विकास निर्माणमा समन्वय र जिल्लाका सरकारी निकायबीच सहजीकरण गर्ने प्रमुख प्रशासनिक अधिकारी पनि हुन्। त्यसैले कुनै प्रमुख जिल्ला अधिकारीको कार्यसम्पादनलाई सुरक्षा घटनाबाट मात्र मूल्यांकन गर्न मिल्दैन्। नागरिकले पाउने सेवा, विकास आयोजनाको गति, सरकारी कार्यालयको कार्यशैली र प्रशासनप्रतिको जनविश्वास पनि उत्तिकै महत्वपूर्ण विषय हुन्।

पौडेलको कार्यकाललाई लिएर सिरहामा नागरिकस्तरबाट विभिन्न गुनासा उठ्दै आएको थियो।

विकास निर्माणका काममा प्रशासनले प्रभावकारी सहजीकरण गर्न नसकेको, नागरिकलाई सरकारी सेवा लिन कठिनाइ भएको तथा राष्ट्रिय परिचयपत्रजस्ता सेवामा अनावश्यक ढिलाइ भएको गुनासो गम्भीर रूपमा लिन आवश्यक छ। यस्ता विषयमा प्रमाण, तथ्य र सम्बन्धित निकायको अभिलेखका आधारमा छुट्टै समीक्षा हुनुपर्छ। किनकि प्रशासनिक ढिलासुस्तीको प्रत्यक्ष भार अन्ततः नागरिकले नै बेहोर्नुपर्छ। राष्ट्रिय परिचयपत्र लिन एउटा नागरिकले कार्यालयमा घण्टौं कुर्नुपर्ने, दिनभर सेवा लिन नसक्ने अवस्था सिर्जना हुन्छ भने त्यसलाई सामान्य प्रशासनिक समस्या भनेर पन्छाउन मिल्दैन्। सरकारी सेवा नागरिकका लागि सुविधा हुनुपर्ने हो, सास्ती होइन। प्रविधि, जनशक्ति र व्यवस्थापनका कारण समस्या छ भने त्यसको समाधान खोज्ने जिम्मेवारी प्रशासनकै हो। त्यसैगरी विकास निर्माणका आयोजनामा प्रमुख जिल्ला अधिकारीको भूमिका प्रत्यक्ष निर्माण गर्ने होइन। तर सुरक्षा, अन्तरनिकाय समन्वय, विवाद समाधान, सार्वजनिक जग्गा तथा शान्ति-सुरक्षासम्बन्धी विषयमा सहजीकरण गरेर विकास आयोजनालाई अघि बढाउने वातावरण बनाउनु प्रशासनको दायित्व हो। कुनै आयोजना प्रशासनिक समन्वयको अभावमा रोकिएको हो भने त्यसको पनि समीक्षा हुनुपर्छ।

यहाँ एउटा महत्वपूर्ण कुरा के हो भने कुनै अधिकारीमाथि छानबिन समितिले कारबाही सिफारिस गर्नु अन्तिम न्यायिक फैसला होइन। सिफारिसका आधार, प्रमाण र सम्बन्धित अधिकारीको स्पष्टीकरणसमेत हेरेर कानुनअनुसार निर्णय हुनुपर्छ। तर छानबिन प्रतिवेदनलाई बेवास्ता गर्नु वा राजनीतिक तथा प्रशासनिक पहुँचका आधारमा विषयलाई ओझेलमा पार्नु झन् गलत हुनेछ। सिरहाले विगतमा पनि पटक-पटक प्रशासनिक नेतृत्वको कार्यशैलीबारे प्रश्न उठाएको छ। त्यसैले अब गृह मन्त्रालयले एउटा व्यक्तिलाई सरुवा गरेर मात्र आफ्नो जिम्मेवारी पूरा भएको ठान्नु हुँदैन। गोलबजार घटनाको छानबिन प्रतिवेदन सार्वजनिक गर्ने, दोषी देखिएकामाथि कानुनअनुसार प्रक्रिया अघि बढाउने र भविष्यमा यस्तो घटना दोहोरिन नदिने स्पष्ट सुरक्षा प्रणाली बनाउने काम आवश्यक छ। जिल्ला प्रशासन कार्यालयलाई विवादको केन्द्र बनाउने होइन, नागरिकको भरोसाको केन्द्र बनाउने अधिकारी चाहिन्छ। स्थानीय परिस्थिति बुझ्ने, राजनीतिक दबाबभन्दा कानुनलाई प्राथमिकता दिने, विकास आयोजनामा सहजीकरण गर्ने, सेवाग्राहीसँग उत्तरदायी व्यवहार गर्ने र सुरक्षा व्यवस्थापनमा संवेदनशील हुने प्रशासनिक नेतृत्व सिरहाको आवश्यकता हो। सिरहामा नयाँ सिडियो पठाउँदा विगतमा विवादमा परेका अधिकारीलाई पुनः यही जिल्लामा पठाउने प्रवृत्तिबाट गृह मन्त्रालय सचेत हुनुपर्छ। एउटा जिल्लामा गम्भीर प्रश्न उठिसकेको प्रशासनिक नेतृत्वलाई त्यही वा अर्को संवेदनशील जिल्लामा जिम्मेवारी दिँदा त्यसको आधार र औचित्य स्पष्ट हुनुपर्छ। सिरहाका नागरिकलाई अब नयाँ सिडियोको नाम मात्र चाहिएको छैन्। उनीहरूलाई जिम्मेवार प्रशासन, सहज सेवा, सुरक्षित वातावरण र विकासमा सहजीकरण गर्ने नेतृत्व चाहिएको छ। गोलबजार घटनाले दिएको पाठ यही हो। गल्ती भएपछि अधिकारी फिर्ता बोलाउनु आवश्यक हुन सक्छ, तर त्यसपछि पनि सुधार भएन भने समस्या व्यक्ति परिवर्तनमा सीमित रहन्छ। त्यसैले अब गृह मन्त्रालयले सिरहाको प्रशासनिक नेतृत्व छनोट गर्दा विगतको कार्यसम्पादन, विवाद, नागरिक सेवाप्रतिको व्यवहार र जिल्लाको संवेदनशीलतालाई गम्भीर आधार बनाउनुपर्छ।

# जलवायु न्याय कि जैविक अधिकार: राष्ट्रसंघका लागि नेपालको नयाँ मार्गचित्र

**आधुनिक सभ्यताले मानिसलाई प्रकृतिभन्दा अलग र सर्वशक्तिमान ठान्यो । प्रकृतिमाथि विजयको यो अहङ्कारपूर्ण कथा विस्तारै मानिसमाथि प्रकृतिको विनाशकारी प्रतिउत्तरको कथामा बदलिँदैछ ।**




प्रधानमन्त्री बालेन्द्र (बालेन) शाह संयुक्त राष्ट्रसंघको ८१औं महासभाको उच्चस्तरीय सप्ताहमा भाग लिन न्युयोर्क प्रस्थान गरिसकेका छन् र २४ सेप्टेम्बर २०२६ मा महासभाको आम बहसलाई सम्बोधन गर्ने कार्यक्रम छ।

प्रधानमन्त्री बालेनको सम्बोधनको केन्द्रीय एजेन्डा जलवायु न्याय र जलवायु परिवर्तनजन्य क्षति-क्षतिपूर्ति हुनेछ। विशेषगरी गत भदौ १० गते रसुवाको ल्हेन्दे खोला र भोटेकोशीमा उर्लिएको विनाशकारी भेलले रसुवागढी, टिमुरे र स्याफ्रुबेँसीका पूर्वाधार र दैनिकीलाई क्षणभरमै भग्नावशेषमा परिणत गरिदिएको सन्दर्भ मुख्य एजेन्डा रहेको सरकारले स्पष्ट गरिसकेको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार पछिल्ला दशकहरूमा जलउत्पन्न विपद्का कारण नेपालले वार्षिक औसत ३ अर्ब रुपैयाँभन्दा बढीको प्रत्यक्ष आर्थिक क्षति र सयौं अमूल्य जीवन गुमाउँदै आएको छ। तर, यो दर्दनाक घटनालाई केवल एउटा अकस्मात् घटेको प्राकृतिक भवितव्य मान्नु आफ्नै आँखामा पट्टी बाँध्नु हो। यसको पछाडि हिमालमा तीव्र गतिमा बदलिँदो तापक्रम, हिमनदी र हिमतालहरूको गम्भीर अस्थिरता, पहाडी भू-उपयोगमा बढ्दो अनियन्त्रित मानवीय हस्तक्षेप, चुरेको क्षयीकरण र तराई-मधेशमा घट्दो जलस्रोत बीचको गहिरो सम्बन्ध छ। अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्रको प्रतिवेदनअनुसार यो शताब्दीको अन्त्यसम्ममा हिन्दूकुश-हिमालय क्षेत्रका दुई तिहाइ हिमनदी पग्लिने जोखिममा छन्।

विश्व समुदायले आफैं सन् २०२५ लाई हिमनदी संरक्षणको अन्तर्राष्ट्रिय वर्ष घोषणा गरेको थियो, तर त्यो सचेतना कार्ययोजनामा भने अझै रूपान्तरण हुन सकेन। अर्थात्, हामीले सामना गरिरहेको समस्या कुनै बाढी वा पहिरोको छुट्टै घटना होइन, यो त हाम्रो सम्पूर्ण जल-पारिस्थितिक प्रणालीमा देखापरेको गम्भीर प्रणालीगत संकट हो। हामीले सदियौंदेखि बहने नदी र अटल पहाडलाई स्थिर र बेजान वस्तु सम्झेर विकासको खाका कोरिरह्यौं।

नदीलाई बाँध्न सकिन्छ, पहाड फोरेर बाटो बनाउन सकिन्छ भन्ने दम्भले निम्त्याएको यन्त्रवादी विकास मोडलले आज सिङ्गो हिमालय क्षेत्रलाई नै संकटको संघारमा पुऱ्याएको छ। हिमालको पग्लाइ पहाडको बाढीमा देखिन्छ, नदीको अनिश्चितता मैदानको जलचक्रमा पुग्छ र चुरेको क्षयीकरण अन्ततः मधेशको पानी, खेती र बस्तीको संकटमा प्रकट हुन्छ। प्रकृतिको यो अन्तरसम्बन्ध बुझ्न नसक्ने सभ्यताले विपद् त गन्छ, तर संकटको मूल जरो बुझ्दैन।

**जलवायु न्यायको वित्तीय सीमा र वस्तुकरणको दंभ**

विपद्पश्चात् राहत, उद्धार र पुनर्निर्माणका निम्ति नेपालले जलवायु न्यायसँग जोड्दै अन्तर्राष्ट्रिय समुदायसँग क्षतिपूर्तिको माग गरिरहेको छ। वैश्विक कार्बन उत्सर्जनमा नेपालको योगदान केवल ०.०२५ प्रतिशत छ, तर जलवायु जोखिमका दृष्टिले नेपाल विश्वका सबैभन्दा जोखिमयुक्त मुलुकहरूमध्ये पर्छ। त्यसैले अन्तर्राष्ट्रिय मञ्चमा नोक्सानी र क्षति कोषमार्फत क्षतिपूर्ति माग्ने नेपालको नैतिक र राजनीतिक तर्क शतप्रतिशत जायज छ।

तर रसुवाको बाढीले हाम्रासामु एउटा अझ ठूलो दार्शनिक प्रश्न खडा गरिदिएको छ - के केवल आर्थिक क्षतिपूर्तिले मात्र यो संकटको दीर्घकालीन समाधान दिन्छ ? जलवायु न्यायको वर्तमान बहस मूलतः खातापाताको न्यायमा सीमित छ - कसले कति कार्बन उत्सर्जन गऱ्यो, कसले कति क्षतिपूर्ति पाउने ? यो बहस अन्ततः आर्थिक लेनदेनमा पुगेर टुंगिन्छ, तर अन्यायको मूल संरचनालाई बदल्दैन। बाढीले भत्काएको पुल वा जलविद्युत् आयोजना पैसाले पुनः निर्माण गर्न सकिएला, तर के वित्तीय क्षतिपूर्तिले नदीको प्राकृतिक स्वभाव, लोप भएको जैविक विविधता, वा कुनै समुदायले पुस्तौंदेखि प्रकृतिसँग बनाएको आत्मिक सम्बन्ध फर्काउन सक्छ ?

यो वित्तीय न्यायको असफलता प्रत्यक्ष देखिँदैछ। नेपालसहित विश्वका १०० भन्दा बढी विकासोन्मुख देशहरूले ३ अर्ब डलरभन्दा बढीको सहयोग माग गरिसकेका छन्। यो नेपाल एक्लैको गुनासो होइन - भुटानदेखि तुभालु र माल्दिभ्ससम्मका साना पहाडी र टापु राष्ट्रहरू उस्तै विरोधाभासमा उभिएका छन् - उत्सर्जनमा नगण्य योगदान, तर विनाशमा सबैभन्दा अगाडि। जबकी विकसित देशहरूबाट करिब ८०० मिलियन डलरको प्रतिबद्धता मात्र आएको छ, जसमध्ये वास्तविक रूपमा कार्यक्रमका लागि करिब ३५० देखि ४८६ मिलियन डलर मात्र उपलब्ध छ। अझ, कोषको प्रारम्भिक चरण भएकाले एउटा देशले पाउने अधिकतम सहायता सीमा केवल २० मिलियन (२ करोड) डलर तोकिएको छ। यस विपत्तिमा मात्रै ५ अर्ब डलरको क्षति भोगेको देशका लागि २० मिलियन डलर समुद्रमा एक थोपा सरह हो। संकट तत्कालै आइपुग्छ, तर क्षतिपूर्ति वर्षौंपछि, त्यो पनि सीमित मात्रामा आउँछ।

वित्तीय न्याय एक्लैले जलवायु संकटको गति थेग्न सक्दैन। आज संयुक्त राष्ट्र संघको मञ्चबाट विश्व नेताहरूलाई प्रश्न गर्नैपर्छ - जब मानव निर्मित वित्तीय प्रणाली वा बैंकहरू संकटमा पर्छन्, तिनलाई जोगाउन खर्बौं डलर रातारात उपलब्ध हुन्छस तर सिङ्गो पृथ्वी र जीवन जोगाउन किन केही मिलियन डलरका लागि वर्षौं कुर्नुपर्छ ? विकसित देशहरूले दिने सीमित क्षतिपूर्ति सहायता दान वा दया होइन, नेपालजस्ता देशहरूले विश्वलाई दिइरहेको विशाल पारिस्थितिकीय सेवाको न्यूनतम शोधभर्ना मात्र हो।

यदि क्षतिपूर्ति पाएपछि फेरि त्यही प्रकृतिविरोधी विकास-ढाँचा दोहोऱ्याउने हो भने, यो एउटा दुष्चक्र मात्र बन्नेछ - विनाश हुन्छ, मूल्य तोकिन्छ, पैसा आउँछ, र फेरि अर्को विनाशको प्रतीक्षा गरिन्छ। हामीले आधुनिकताका नाममा नदीलाई पानीबाट मेगावाटमा, जंगललाई जीवनबाट काठमा, र जमिनलाई मातृभूमिबाट रियल-स्टेटमा रूपान्तरण गर्दै आयौं। आधुनिक सभ्यताले मानिसलाई प्रकृतिभन्दा अलग र सर्वशक्तिमान ठान्यो। प्रकृतिमाथि विजयको यो अहङ्कारपूर्ण कथा विस्तारै मानिसमाथि प्रकृतिको विनाशकारी प्रतिउत्तरको कथामा बदलिँदैछ। त्यसैले, प्रकृतिलाई वस्तु बनाएर विनाश गर्ने र विनाशपछि त्यसको मूल्य तोकेर क्षतिपूर्ति दिने चक्रबाट अब हामी बाहिर निस्कनुपर्छ।

**'जैविक अधिकार' को नयाँ क्षितिज**

अब प्रश्न उल्टो सोध्नुपर्ने बेला आएको छ। प्रकृतिले हामीलाई कति क्षति पुऱ्यायो भनेर मात्र होइन, हामीले प्रकृतिसँग कस्तो सम्बन्ध बनायौं भनेर पनि हिसाब गर्नुपर्छ। यहीं 'जैविक अधिकार' वा 'प्रकृतिको अधिकार'को अवधारणा अत्यन्त महत्वपूर्ण ठहरिन्छ।

जैविक अधिकार भन्नाले प्रकृतिलाई मानिसको उपयोगका लागि मात्र अस्तित्वमा रहेको अधिकारविहीन वस्तु नमान्ने दार्शनिक र कानुनी चेतना हो। नदीलाई निर्बाध बग्ने, वनलाई पुनर्जीवित हुने, माटोलाई उर्वर रहने, र वन्यजीवलाई आफ्नो प्राकृतिक आवासमा बाँच्ने अन्तर्निहित अधिकार छस र मानिसलाई यी सबैसँग सहजीवी सम्बन्धमा बाँच्ने दायित्व छ।

यो अवधारणा काल्पनिक गफ मात्र होइनस विश्व राजनीति र कानुनमा स्थापित भइसकेको छ। सन् २००८ मा इक्वेडरले आफ्नो संविधानमै 'पचामामा' (आमा पृथ्वी)को अधिकारलाई मान्यता दियो। सन् २०१७ मा न्युजिल्यान्डको संसद्ले 'ह्वंगानुई' नदीलाई र भारतको उत्तराखण्ड उच्च अदालतले गङ्गा र यमुना नदीलाई कानुनी व्यक्तिको दर्जा दियो। यति मात्र होइन, सन् २०२२ मा स्पेनको सिनेटले ६ लाखभन्दा बढी नागरिकको हस्ताक्षरबाट सुरु भएको जन-पहललाई स्वीकार गर्दै मार-मेनोर सरोवर र यसको बेसिनलाई कानुनी व्यक्तित्व प्रदान गऱ्यो। यसले जैविक अधिकार कुनै एक सभ्यताको विशेष दर्शन मात्र नभई, आधुनिक पश्चिमा कानुनी प्रणालीभित्र समेत ठाउँ पाउँदै गएको वैश्विक आन्दोलन बनेको पुष्टि गर्छ। स्वयं संयुक्त राष्ट्रसंघले पनि यो यात्रा एक्लै हिँडिरहेको छैन। सन्

बाँकी पृष्ठ ३ ▶▶

## आजको राशिफल

**मेष** : व्यापारिक तथा पेसागत क्षेत्रमा नयाँ सफलता हात पार्ने सुवर्ण अवसर मिल्नेछ।

**बृष** : भाग्यको बलियो साथ रहने हुनाले धार्मिक, आध्यात्मिक तथा परोपकारी कार्यमा मन आकर्षित हुनेछ।

**मिथुन** : स्वास्थ्यमा देखिएका पुराना समस्याहरूले सताउन सक्ने भएकाले खानपानमा विशेष सतर्कता अपनाउनुहोला।

**कर्कट** : दाम्पत्य जीवनमा मिठास छाउनेछ र जीवनसाथीसँगको सम्बन्ध अझ प्रगाढ बन्नेछ।

**सिंह** : शारीरिक तथा मानसिक ऊर्जा उच्च रहनेछ। दिनचर्या सहज र व्यवस्थित बन्नेछ।

**कन्या** : बौद्धिक तथा रचनात्मक क्षेत्रमा आफ्नो कला देखाउने अवसर मिल्नेछ।

**तुला** : पारिवारिक वातावरणमा केही खटपट वा आमाको स्वास्थ्यलाई लिएर केही चिन्ता बढ्न सक्छ।

**वृश्चिक** : आत्मविश्वास र पराक्रममा वृद्धि हुनेछ। छोटो तथा अर्थपूर्ण यात्राको योग रहेको छ जसले नयाँ ढोकाहरू खोल्नेछ।

**धनु** : वाणीको प्रभावले रोकिएका तथा अपूरा कामहरू सुचारू रूपमा बन्नेछन्।

**मकर** : आज चन्द्रमा तपाईंकै राशिमा रहने हुनाले तपाईंको व्यक्तित्वमा विशेष चमक आउनेछ।

**कुम्भ** : वैदेशिक क्षेत्र वा टाढाको यात्रासँग सम्बन्धित कामहरूमा केही ढिलासुस्ती हुन सक्छ।

**मीन** : विभिन्न स्रोतहरूबाट आकस्मिक धन लाभ हुने प्रबल योग रहेको छ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# कुटीको जग्गाबाट उठिबास गराउन खोजिएको भन्दै जनकपुरधाममा बसोबासीहरूले प्रदर्शन गर्ने

अपन दैनिक संवाददाता
जनकपुरधाम, असोज ०८ गते



जनकपुरधामस्थित गुठी तथा कुटीको जग्गामा लामो समयदेखि बसोबास गर्दै आएका परिवारहरूले आफूहरूलाई विस्थापित गर्न खोजिएको भन्दै विरोध प्रदर्शन गर्ने भएका छन्। 'गुठी कुटी घर जग्गा व्यवस्थापन महासङ्घर्ष समिति' को आयोजनामा शुक्रबार जनकपुरधाममा प्रदर्शन गरी सरकारको पछिल्लो कदमको विरोध तथा अधिकार सुनिश्चितताको माग गर्न लागिएको हो।

जनकपुरधाम उपमहानगरपालिकाका २५ वटै वडामा गुठी र कुटीको जग्गामा बसोबास गर्दै आएका सयौँ परिवार सरकारी नीतिका कारण विस्थापित हुने डरमा रहेको समितिका अध्यक्ष सन्तोष साहले बताए। पुस्तौँदेखि बसोबास गर्दै आएका स्थानीयलाई पछिल्लो समय प्रशासनले प्रक्रियागत झन्झट देखाउँदै उठीबास गराउन खोजेको आरोप साहले लगाएका छन्।

आन्दोलनको घोषित कार्यक्रम अनुसार शुक्रबार नगर क्षेत्रमा विरोध प्रदर्शन गरिनेछ। नगर परिक्रमापछि सहभागीहरूले जिल्ला प्रशासन कार्यालय धनुषामार्फत मुख्यमन्त्री र प्रधानमन्त्रीलाई सम्बोधन गर्दै ज्ञापन पत्र बुझाउने तयारी गरेका छन्।

समितिले सरकारसमक्ष मुख्य दुई वटा माग अघि सारेको छ। कुटीको जग्गामा बसोबास गर्दै आएका परिवारलाई जग्गाको रैतान नम्बरी कायम गरी स्वामित्वको अधिकार दिनुपर्ने र हालका लागि जग्गा खाली गराउने वा उठीबास गराउने कार्य तत्काल रोकेर प्रभावित परिवारको उचित बासस्थानको ग्यारेन्टी गर्नुपर्ने माग राखिएको छ।

'हामी गुठीको जग्गामा होइन, कुटीको जग्गामा बसोबास गरिरहेका

बाँकी पृष्ठ ४ ▸▸

## 'लम्पी स्किन' सङ्क्रमण डेढ सयभन्दा बढी ............

अनुसार सप्तरीमा पाँच हजार ९५७, सिरहामा एक हजार दुई सय, धनुषामा आठ सय, महोत्तरीमा ७४०, सर्लाहीमा चार सय र पर्सामा ४५ गरी 'लम्पी स्किन' बाट १० हजारभन्दा बढी चौपाया थलिएका छन्।"

जनकपुरस्थित क्षेत्रीय रोग अन्वेषण प्रयोगशालाले आवश्यक मात्रामा खोप उपलब्ध गराउन नसक्दा प्रकोप नियन्त्रणमा चुनौती थपिएको छ। भेटेरिनरी असपताल तथा पशुसेवा विज्ञ कार्यालय महोत्तरीका सूचना अधिकारी एवं वरिष्ठ पशु अधिकृत विजय पाण्डेले महोत्तरीका १५ वटै पालिका सङ्क्रमणको चपेटामा परेको जानकारी दिनुभयो। उहाँका अनुसार नियन्त्रणका लागि महोत्तरीमा अहिले पनि ३० हजार खोप आवश्यक छ। डा. पाण्डेले भन्नुभयो, "भदौतिर जनकपुर ल्याब (प्रयोगशाला) ले उपलब्ध गराएको तीन हजार एक सय खोपले गौशाला, मनरासिसवा नगरपालिका र महोत्तरी गाउँपालिकाका लागि मात्र पुग्यो। खोप अभावले बाँकी १२ वटा स्थानीय तहमा प्रभावकारी नियन्त्रण अभियान चलाउन सकिएको छैन।"

नयाँ आर्थिक वर्ष सुरु भएको तेस्रो महिना लागिसक्दा पनि कार्यालयका खाता खोल्ने र लगत्तै रोक्का गर्ने प्रदेश सरकारको अस्थिर प्रवृत्तिका कारण बजेट परिचालनमा समस्या हुँदा नियन्त्रण अभियान प्रभावकारी बनेको केन्द्रले जनाएका छन्। पशुविज्ञका अनुसार 'पक्स' समूहको भाइरसबाट लाग्ने 'लम्पी स्किन' बाट सङ्क्रमित चौपायामा उच्च ज्वरो आउने, अत्यधिक ऱ्याल झर्ने, आँखामा समस्या देखिने तथा नाकबाट पानी बग्ने जस्ता लक्षण देखिन्छन्। शरीरमा दुईदेखि पाँच सेन्टिमिटरसम्मका कडा गाँठा आउने, चिलाउने र पिप भरिएर फुट्ने समस्या पनि देखिएको छ। सङ्क्रमणका कारण गर्भिणी गाईमा गर्भपतन हुने, दुध उत्पादन घट्ने वा पूर्ण रूपमा बन्द हुने तथा सङ्क्रमित चौपाया अशक्त भई मर्न सक्छन्।




## जलवायु न्याय कि जैविक अधिकार ............

२००९ देखि नै महासभाले प्रकृतिसँग सामञ्जस्य शीर्षकमा हालसम्म नौवटा प्रस्ताव पारित गरिसकेको छ, र मानव-केन्द्रित विकासको मापदण्डभन्दा बाहिर गएर जीडीपीको सट्टा पृथ्वीसँगको सन्तुलित सम्बन्धका आधारमा समृद्धि नाप्ने वैकल्पिक खाका खोजिरहेको छ। नेपाल यस्तो प्रक्रियामा नयाँ माग गर्ने राष्ट्र मात्र होइन, यसैभित्रको नेतृत्वदायी साझेदार बन्न सक्छ।

यो अवधारणा नेपालका लागि पनि अब परकीय रहेन। गत साउन १३ गते सर्वोच्च अदालतले महादेव खोला विवादमा नदी-खोलालाई जीवित सम्पदा भनी व्याख्या गर्दै तिनको प्राकृतिक बहावमा बग्न पाउने मौलिक अधिकार रहेको ठहर गऱ्यो। जैविक अधिकारको बीउ हाम्रै न्यायपालिकाले रोपिसकेको छ - अब खाँचो यसलाई संविधान र नीतिको तहमा फराकिलो बनाउनुको हो। प्रधानमन्त्रीले संयुक्त राष्ट्र सङ्घको मञ्चबाट दृढताका साथ घोषणा गर्नुपर्छ - नेपालले आफ्नो संविधानमा प्रकृतिको अधिकारलाई नागरिकका मौलिक हकसरह संवैधानिक मान्यता दिने ऐतिहासिक प्रक्रिया सुरु गर्नेछ। नेपालले विकासको मापदण्ड केवल कुल गार्हस्थ्य उत्पादनको वृद्धिमा होइन, पारिस्थितिक स्वास्थ्य सूचकांकका आधारमा तय गर्नेछ। हामी प्रकृतिका स्रोतहरूलाई व्यापारिक वस्तु होइन, अधिकारसम्पन्न जीवित अस्तित्व मान्ने अग्रणी राष्ट्र बन्नेछौँ।

'जैविक दर्शनका लेखक मोहन तिमल्सिनाका अनुसार पनि अबको युग मानव अधिकारको मात्र नभएर सम्पूर्ण जीवित प्रणालीको अधिकार सुरक्षित गर्ने जैविक अधिकारको युग हो। प्रकृतिको अधिकार स्वीकार गर्नु भनेको मानव अधिकारलाई कमजोर बनाउनु होइन, बरु त्यसको आधारलाई अझ सुरक्षित बनाउनु हो। मानिसको जीवन, स्वास्थ्य, भोजन, संस्कृति, अर्थतन्त्र र भविष्य सबै प्रकृतिसँग जोडिएका छन्। मानिस प्रकृतिबाट अलग भएर एक सेकेन्ड पनि बाँच्न सक्दैन। हामीले नदीलाई बाँध्न सक्छौँ, तर त्यसको पारिस्थितिक भूमिकाको विकल्प कुनै बजारमा किन्न सक्दैनौँ। तसर्थ प्रकृतिको अधिकार स्वीकार गर्नु अन्ततः मानव सभ्यताको आफ्नो अस्तित्वको अधिकार स्वीकार गर्नु पनि हो। मधेशको आधार रहेको चुरे र हिमशृङ्खलाले भरिएको हिमालयलाई जैविक अधिकार दिनु अति आवश्यक छ।

### रैथाने चेतना र 'असीमितता' को दर्शन

जैविक अधिकार कुनै आयातीत अवधारणा मात्र होइन। हाम्रा रैथाने सभ्यताहरूले प्रकृतिलाई अधिकारविहीन वस्तुका रूपमा कहिल्यै हेरेनन्। हिमाली शेर्पा समुदायको 'नवा' प्रणाली (जसले चरन र वनको उपयोगलाई प्राकृतिक चक्रअनुसार नियन्त्रण गर्छ), राई-लिम्बू समुदायको मुन्धुमी जीवनदर्शन (जहाँ भूमि, नदी र वनलाई पितृ र प्रकृतिको साझा रूप मानिन्छ), र तराई-मधेशको परम्परागत 'पोखरी-पैनी' व्यवस्थापनमा प्रकृति केवल उपयोग गर्ने वस्तु थिएनस सिङ्गो समुदायको जीवनको अभिन्न अंग थियो।

यो चेतनाको सबैभन्दा गहिरो जरा लुम्बिनीमा जन्मिएको बुद्धको प्रतीत्यसमुत्पाद (अन्तरसम्बद्ध उत्पत्ति) दर्शनमै भेटिन्छ, जसले मानिस र प्रकृतिलाई कहिल्यै छुट्टाछुट्टै अस्तित्वका रूपमा हेरेन, बरु सबै जीवन एकअर्कासँग अन्योन्याश्रित रहेको स्वीकार गऱ्यो। नेपाल त्यही भूमि हो, जसले संसारलाई यो अन्तरसम्बद्धताको पहिलो पाठ सिकायो। आधुनिक विज्ञानले आज जुन पारिस्थितिक सन्तुलनको कुरा गर्दैछ, हाम्रा पूर्वजहरूले त्यसलाई जीवनपद्धति बनाएका थिए। स्थानीय समुदायको अभ्यास र आधुनिक विज्ञानलाई प्रतिस्पर्धी बनाएर होइन, रचनात्मक संवादमा ल्याएर मात्र नयाँ सभ्यताको ज्ञान निर्माण हुन सक्छ।

अर्कोतर्फ, समस्या व्यक्तिले प्लास्टिकको झोला प्रयोग नगर्ने वा केही रूख रोप्ने अभियानमा मात्र सीमित छैन। महाशक्ति राष्ट्रहरूको असीमित शक्ति-महत्वाकांक्षा, प्राकृतिक स्रोतमाथिको दोहन र अत्यधिक उपभोगमा आधारित पुँजीवादी व्यवस्था नै यो संकटको मूल कारक हो। पृथ्वी सीमित छ, तर हाम्रा आर्थिक महत्वाकांक्षा असीमित छन्। त्यसैले समस्या कार्बनको मात्र होइन, असीमितताको दर्शनको पनि हो। प्रकृतिको सीमा स्वीकार नगर्ने सभ्यताले अन्ततः आफ्नै विनाशको सामना गर्छ।

### पुनर्निर्माणसँगै पुनर्विचार

हामीले संकटका बेला तत्काल राहत, उद्धार र पुनर्निर्माण गर्नुपर्छ। अन्तर्राष्ट्रिय उत्तरदायित्व खोज्नु पनि हाम्रो अधिकार हो। तर त्यतिमै रोकिनु आत्मघाती हुनेछ। पुनर्निर्माणसँगै सोच्ने तरिकामा पुनर्विचार गर्नुपर्छ। कहाँ बस्ती बसाउने ? कहाँ सडक खन्ने ? कस्ता जलविद्युत् आयोजना बनाउने? आर्थिक लाभ र पारिस्थितिक सुरक्षाबीच सन्तुलन कसरी कायम गर्ने ?

हामीले विकासको मापदण्ड नै बदल्नुपर्छ। 'कति उत्पादन गऱ्यौँ ?' भन्दा पनि 'कति प्रकृति जोगायौँ ?', 'जीडीपी कति प्रतिशतले बढ्यो ?' भन्नुको साटो 'मानिस र प्रकृतिको सम्बन्ध कति स्वस्थ भयो ?' भनेर मूल्यांकन गर्ने समय आएको छ। भोलिको समृद्धि केवल धेरै वस्तु र सेवा उत्पादन गर्ने समाज हुनु होइन। स्वस्थ, सुरक्षित, सांस्कृतिक रूपमा जीवित र प्रकृतिसँग सन्तुलित समाज हुनु नै वास्तविक समृद्धि हो। विकसित विश्वलाई पनि केवल 'हामीलाई क्षतिपूर्ति देऊ' भन्नुको साटो 'प्रकृतिमाथिको असीमित उपभोग र दोहनको मोडल बदल' भनेर चुनौती दिन सक्नुपर्छ। किनकि सभ्यता उच्च मानवीय मूल्य, ऐतिहासिक स्मृति र प्रकृतिसँगको अनवरत सहअस्तित्वले बन्छ। त्यसको मूल्य केवल आर्थिक क्षतिपूर्तिमा निकाल्न सकिँदैन।

हाम्रा हिमाल, नदी र चुरेलाई केवल 'स्रोत'का रूपमा मात्र हेर्ने कि तिनलाई जीवन्त र अधिकारसम्पन्न अस्तित्वका रूपमा स्वीकार गर्ने भन्ने ऐतिहासिक मोडमा आज नेपाल उभिएको छ। नेपालको संविधान २०७२ ले स्वच्छ वातावरणको हक (धारा ३०) लाई मौलिक हक मानेको छ, तर त्यो मुख्यतः मानव-केन्द्रित (एन्थ्रोपोसेन्ट्रिक) छ। नेपालले अब संविधानको आगामी समीक्षा प्रक्रियामै प्रकृतिको अधिकारलाई थप्ने प्रस्ताव औपचारिक रूपमा अघि सार्नुपर्छ। साथै, स्थानीय रैथाने समुदाय र स्थानीय तहलाई प्रकृतिको संरक्षकका रूपमा कानुनी जिम्मेवारी सुम्पनुपर्छ। यसो गरे नेपाल दक्षिण एसियामै जैविक अधिकार र इकोलोजिकल डिप्लोमेसीको नेतृत्व गर्ने पहिलो देश बन्नेछ। जैविक अधिकारको कानुनी जगले प्रकृतिलाई अधिकारविहीन वस्तुको साटो जीवनको सहअस्तित्वपूर्ण आधार बनाउनेछ।

यस विपद्मा एक हजार चार सयभन्दा बढी नागरिकले ज्यान गुमाए भने हजारौँ अझै बेपत्ता छन् - यो तथ्यले नै नेपालको यो शोक र आग्रह विश्व सामु किन यति गम्भीर ढंगले पुऱ्याउनुपर्ने भन्ने कुरा पुष्टि गर्छ। प्रधानमन्त्रीले आफ्नो सम्बोधनमा संयुक्त राष्ट्र संघ र अन्तर्राष्ट्रिय समुदायसमक्ष दुई वटा ऐतिहासिक प्रस्ताव अघि सार्नुपर्छ एउटा मानव अधिकारको विश्वव्यापी घोषणापत्र जस्तै प्रकृतिको अधिकार रक्षाका लागि छुट्टै जैविक अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघ महासन्धि (ग्लष्तभम ल्बतष्यलक ऋयलखभलतष्यल यल द्यष्ययिनष्अर्बा च्ष्नजतक) पारित गरियोस्। र अर्को हिमाल र पर्वतीय पारिस्थितिकी जोगाउन विश्वका सम्पूर्ण पर्वतीय राष्ट्रहरूको एकीकृत वैश्विक गठबन्धन निर्माण गरियोस्।

जैविक अधिकारको कुरा मात्र होइन अब जलवायु क्षतिपूर्ति प्राप्त गर्नका लागि समेत नेपालले 'हिमवत्खण्ड-आधारित क्षेत्रीय सहकार्य' को नयाँ र साहसिक अवधारणा अघि सार्नुपर्छ। हिमालयदेखि बंगालको खाडीसम्म फैलिएको साझा जीवन-प्रणालीको संरक्षण गर्ने सभ्यतागत सहकार्य आजको आवश्यकता हो। नेपालले भारत र बाङ्गालादेशसँग पानी वा बिजुलीको व्यापार गर्दा केवल कमोडिटी (व्यापारिक वस्तु)का रूपमा मात्र छलफल गर्ने परम्परा तोड्नैपर्छ। बंगलादेशले सन् २०१९ मा आफ्ना नदीहरूलाई कानुनी व्यक्तिको दर्जा दिइसकेको छ। अब पूरै हिमवत्खण्डलाई एउटै जीवन्त पारिस्थितिक प्रणालीका रूपमा जोड्दै क्षेत्रीय तथा वैश्विक सहकार्य अघि बढाउनुको विकल्प छैन। नेपालसँग यस्तो कार्यान्वयन संयन्त्र निर्माण गर्ने आफ्नै थलो पनि छ। सन् २०२५ मा सुरु भएको र हरेक दुई वर्षमा आयोजना हुने सगरमाथा संवादलाई अब केवल छलफलको मञ्च मात्र नभई, जैविक अधिकार र हिमवत्खण्ड सहकार्यको ठोस कार्ययोजना तय गर्ने र त्यसको प्रगति जवाफदेही रूपमा पुनरावलोकन गर्ने संयन्त्रका रूपमा विकसित गर्नुपर्छ।

प्राध्यापक एवं जरोकिलो महाअभियानका सङ्कल्पकर्ता डा. निर्मलमणि अधिकारीका अनुसार, हिमवत्खण्ड केवल एउटा भौगोलिक वा राजनीतिक सिमाना मात्र नभएर जीवन्त सांस्कृतिक, आध्यात्मिक र अद्वितीय पर्यावरणीय प्रणाली हो। तसर्थ, प्रकृतिसँग तादात्म्य राख्ने, पर्यावरणमैत्री एवं पारिस्थितिक प्रणाली-सापेक्ष विकासको अवधारणालाई मूलप्रवाहीकरण गर्नु नै यो क्षेत्रीय सहकार्यको अन्तिम लक्ष्य हुनुपर्छ।

प्रकृतिमाथि प्रभुत्व जमाउने अहङ्कार होइन, प्रकृतिसँग निरन्तर सहअस्तित्व र संवाद नै २१ औँ शताब्दीको नयाँ सभ्यताको आधार हो। जलवायु न्यायले सोध्छ - अन्याय कसले गऱ्यो र क्षतिपूर्ति कसले तिर्ने ? तर जैविक अधिकारले सोध्छ - मानव र प्रकृतिको जीवन बचाउने नयाँ सभ्यता कसरी निर्माण गर्ने ? अबको बाटो वित्तीय लेनदेनको मात्र होइन, सभ्यतागत पुनर्जागरणको हो। हिमाल बाँचे मात्र पृथ्वी बाँचिनेछ, र प्रकृति बाँचे मात्र मानव सभ्यता बाँचिनेछ। यही नै आजको समयले विश्वलाई दिएको अन्तिम, सबैभन्दा ऐतिहासिक र गम्भीर दस्तक हो।

❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

अपन दैनिक
Apan Dainik National Newspaper

# ईभी र मोटरसाइकल ठोक्किँदा मोटरसाइकल चालकको मृत्यु

**अपन दैनिक संवाददाता**
**रौतहट, असोज ०८ गते**

पूर्व-पश्चिम राजमार्गअन्तर्गत रौतहटको धनसार-जङ्गलसहिया सडकखण्डमा ईभी गाडी र मोटरसाइकल ठोक्किँदा मोटरसाइकल चालकको मृत्यु भएको छ। दुर्घटनामा मोटरसाइकलमा पछाडि सवार एकजना गम्भीर घाइते भएका छन्।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी बसन्त गौतमका अनुसार मृत्यु हुनेमा फतुवा विजयपुर नगरपालिका-५, सन्तपुर दोस्तियाका २० वर्षीय सन्देश यादव रहेका छन् । घाइते हुनेमा कटहरिया नगरपालिका-८, बलुवा टोलका २० वर्षीय राजगीर यादव रहेका छन्।

प्रहरीका अनुसार बुधबार साँझ गुजरा नगरपालिका-३ स्थित धनसार गेटबाट करिब एक किलोमिटर दक्षिण कल्भर्ट नजिक दुर्घटना भएको हो । निजगढतर्फबाट आउँदै गरेको मधेश प्रदेश ०३-००१ ज ०५९५ नम्बरको ईभी र विपरीत दिशाबाट आउँदै गरेको बा ८५ प ४६२५ नम्बरको मोटरसाइकल आमनेसामने ठोक्किएका थिए।



दुर्घटनामा मोटरसाइकल चालक सन्देशको हात, खुट्टा तथा शरीरका विभिन्न भागमा चोट लागेको थियो । मोटरसाइकलमा पछाडि सवार राजगीरको दाहिने हात, दुवै खुट्टा तथा शरीरका विभिन्न भागमा चोट लागेको प्रहरीले जनाएको छ।

घटनालगत्तै इलाका प्रहरी कार्यालय विजयपुरका प्रमुख इन्स्पेक्टर रादेसकुमार खत्रीको नेतृत्वमा प्रहरी टोली घटनास्थल पुगेको थियो । प्रहरीले दुवै घाइतेलाई उद्धार गरी चन्द्रपुरस्थित शिविल अस्पताल पुऱ्याएको थियो।

उपचारका क्रममा साँझ करिब ७ बजे सन्देशको मृत्यु भएको प्रहरीले जनाएको छ। सन्देशको मृत्यु भएपछि राजगीरलाई प्रारम्भिक उपचारपछि थप उपचारका लागि वीरगञ्ज पठाइएको छ।

दुर्घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

> लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ।
>
> अपन दैनिक




## भारी वर्षाको सम्भावनाबीच सिरहाको कमला-बलान .............

पनि आंशिक जोखिममा पर्न सक्ने बताइएको छ। यस्तै, कल्याणपुर नगरपालिकाका चिकना, भोक्राहा लगायतका क्षेत्रसमेत जोखिममा पर्न सक्ने प्रशासनले जनाएको छ।

जिल्ला प्रशासन कार्यालय सिरहाले नदी आसपासका बासिन्दालाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ। अत्यावश्यक कामबाहेक बाहिर ननिस्कन तथा सम्भव भएसम्म लामो दूरीको यात्रा नगर्नसमेत प्रशासनले सूचना जारी गरेको बरालले बताए। जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी उपरीक्षक (एसपी) बासुदेव पाठकले पनि सर्वसाधारणलाई उच्च सतर्कता अपनाउन आग्रह गरेका छन्। असोज ८ गतेदेखि ११ गतेसम्म देशका केही स्थानमा मेघगर्जन, चट्याङ र हावाहुरीसहित भारी वर्षा हुने सम्भावना रहेकाले सावधानी अपनाउन आग्रह गरिएको उनले बताए। यसैबीच, कर्जन्हा नगरपालिकाका नगर प्रमुख भोला पोखरेलले पनि सामाजिक सञ्जालमार्फत नगरवासीलाई सतर्कता अपनाउन आग्रह गरेका छन्।

सहायक प्रमुख जिल्ला अधिकारी बरालको नेतृत्वमा भएको निरीक्षण टोलीमा जिल्ला प्रहरी कार्यालय सिरहाका एसपी बासुदेव पाठक, सशस्त्र प्रहरी बलका एसपी सुमनजंग थापा, नेपाली सेनाका कर्णेल तथा राष्ट्रिय अनुसन्धान विभागका एसपी सुरेन्द्र कोइराला लगायत सुरक्षाकर्मी सहभागी थिए।

## स्मार्ट डिजिटल बोर्डको प्रयोगले शिक्षण-सिकाइ .............

अमिरीप्रसाद यादवले बताउनुभयो।

लहान नगरपालिका-१० स्थित श्री जनता माध्यमिक विद्यालयमा दुई वटा स्मार्ट बोर्ड जडान कार्यको उद्घाटन गर्दै नगरप्रमुख महेशप्रसाद चौधरीले भन्नुभयो, "यस वर्ष ३७ मध्ये शतप्रतिशत दलित तथा विपन्न समुदायका बालबालिका अध्ययन गर्ने यस विद्यालयमा स्मार्ट बोर्ड जडान गरेका छौं। यसै वर्ष ४० लाख रुपियाँको लागतमा ढलानसहितको तीनकोठे भवन निर्माण गरी थप स्मार्ट बोर्ड जडान गर्ने तयारी भइरहेको छ।"

पुरानो पुस्ताले काठको पाटीमा माटोको मसी बनाएर बाँसको कलमले रुखमुनि पढेको स्मरण गर्दै विद्यालयका दाता माधव उपाध्यायले सामुदायिक विद्यालयलाई डिजिटल युगमा लैजान स्थानीय सरकारले गरेको प्रयास प्रशंसनीय रहेको बताउनुभयो।

नयाँ पाठ्यक्रम निर्माण तथा सामुदायिक विद्यालयको स्तरोन्नतिका लागि जस्तापातामुक्त भवन र प्रविधियुक्त विद्यालय बनाउने विषयमा शिक्षा मन्त्री सस्मित पोखरेलले लहानमा गरेको सम्बोधनले सामुदायिक विद्यालयप्रति सकारात्मक वातावरण बन्दै गएको नागरिक अगुवा तथा शिक्षाविद् कन्हैया भट्टले बताउनुभयो।

डिजिटल स्मार्ट बोर्डको प्रयोगले विद्यार्थीमा विद्यालय तथा पढाइप्रतिको आकर्षण बढ्नुका साथै सिकाइमा समेत सुधार भएको र सामुदायिक विद्यालयमा विद्यार्थी भर्नामा उल्लेखनीय प्रभाव परेको प्रधानाध्यापक देवनलाल ठाकुरले बताउनुभयो।

लहान नगरपालिका, मिर्चैया नगरपालिका र नवराजपुर गाउँपालिकामा अन्य पालिकाको तुलनामा डिजिटल स्मार्ट बोर्डको प्रयोग बढी भएको तथा बाँकी पालिकामा समेत यसको प्रयोगका लागि छलफल र पहल भइरहेको जिल्ला समन्वय समिति सिरहाका प्रमुख तथा जिल्ला शिक्षा समितिका संयोजक दिनेश महतोले बताउनुभयो।

# मधेशको मुख्य धार्मिक पर्यटकीय सहर जनकपुरमा यत्रतत्र फोहरको डङ्गुर

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असोज ०८ गते**

मधेशको मुख्य धार्मिक पर्यटकीय सहर जनकपुरधाम फोहरको डङ्गुर र दुर्गन्धले कुरुप बन्दै आएको छ। जनकपुरधाम मधेश प्रदेशको राजधानीसमेत हो।

जनकपुरमा दैनिक हजारौं भक्तजन भगवान राम तथा माता जानकीको मन्दिरमा पूजा तथा दर्शनका लागि आउने गर्दछन्। यहाँ आउने पर्यटकमा भारतीयको सङ्ख्या उल्लेख्य रहने गरेको छ।

सहरका विभिन्न चोक तथा सडक किनारमा फालिएका फोहरका कारण पर्यटकहरू नाक छोपेर हिंड्न बाध्य हुने गरेका छन्। फोहरकै कारण यहाँ पर्यटक आफ्नो बसाइ लम्ब्याउन चाहँदैनन्।

फोहर बढेसँगै जनकपुरमा लामखुट्टे पनि प्रशस्त पाइन्छ । सार्वजनिक स्थलमा एकछिन बस्दासमेत लामखुट्टेका कारण मानिस टिक्न सक्दैनन्। जनकपुरको मुख्य चोक जानकी चोक, अस्पताल रोड, मुरली चोक, पिडारी चोक, रामानन्द चोक, जनक चोक, भानुचोक लगायतमा फोहर थुप्रिएको देखिन्छ । भित्री सडकको अवस्था त्यो भन्दा पनि भयावह छ।

जनकपुर-१० का संजय कुमार कर्णका अनुसार जनकपुरधाममा फोहरको समस्या वर्षौं पुरानो हो। उपमहानगरपालिकाले सरसफाइका लागि आवश्यक सवारी साधनसहित कर्मचारी परिचालन गर्दै आए पनि समस्या समाधान हुन नसकेको उनले बताए। 'जबसम्म नागरिकले आफ्नो नैतिक आचरणमा सुधार ल्याउँदैनन्, तबसम्म जनकपुरबाट यो समस्या हट्नै मुस्किल छ,' उनले भने, 'फोहर जथाभावी फाल्नुहुँदैन भन्ने थाहा हुँदाहुँदै पनि मानिसले आफ्नो घरको फोहर जुनसूकै समयमा बाहिर ल्याएर फालिदिने गरेका छन् । यसरी त कहिले सफा हुन्छ र ?'

वडा कार्यालयबाट फोहर सङ्कलन गर्न ट्र्याक्टर र सफाइकर्मी दैनिक निश्चित समयमा आउने गरेको बताउँदै कर्णले फोहर उठाउन ट्र्याक्टर आएको समयमा सबैले आफ्नो घरको फोहर निकालेर दिने गरेमा सहर आफैं सफा हुने बताए। 'ट्र्याक्टर आएको समयमा घरबाट फोहर निकालेर दिंदा हुन्छ नि,' उनले भने, 'अघिपछि आफ्नै घरको एउटा कुनामा पोका पारेर राख्ने, सडकमा जथाभावी फाल्ने नगर्दा फोहर नै हुँदैनथ्यो।'

जनकपुरधामको फोहर व्यवस्थापनका लागि तीनै तहको सरकारले तत्परता देखाउनुका अतिरिक्त नागरिक पनि सचेत हुनुपर्ने कर्णको भनाइ छ।



प्रादेशिक अस्पताल अगाडि दर्जनौंको संख्यामा सधैं ठेलामा फलफूल तथा नास्ता लगायत अन्य सामग्री बेच्नेहरूको लर्को हुन्छ। सो बाटो हुँदै हिंडडुल गर्ने हो भने जुनसूकै बेलामा पनि फोहरको डङ्गुर देखिन्छ। पर्यटक तथा जनकपुर भित्रिने आगन्तुकहरूको मुख्य गन्तव्य जानकी मन्दिर यही मार्ग भएर जानुपर्छ। जानकी मन्दिर वरिपरि पनि फोहरजन्य वस्तु जहींतहीं फालिएको देखिन्छ।

तिनै फोहरको डङ्गुर छेउमा टीका, माला लगायत प्रसाद सामग्रीको व्यापार गर्दै आएका दर्जनौंको लाइन हुन्छ। उनीहरू फोहरकै छेउछाउ दिनभरि बसेर व्यापार गर्न अभ्यस्त भइसकेका छन्।

जानकी चोकको सडक पेटीमा टीका, सिन्दुर, मालाको व्यापार गर्दै आएकी रिना साह भन्छिन्, '९-१० बजे व्यापार गर्न आउँदा अलिअलि सफा हुन्छ। बेलुकासम्म फेरि उस्तै फोहर थुप्रिसकेको हुन्छ। हामी त व्यापारमा ध्यान दिएर बसेका हुन्छौं, यहाँ फोहर कसरी थुप्रिन्छ भन्ने थाहा भएन।'

उनका अनुसार स्थानीयबासीले नै जतिबेला मन लाग्यो, जता मन लाग्यो त्यतै फोहर फाल्ने गरेका छन्।

जनकपुर उपमहानगरपालिकाको ट्र्याक्टरले एकाबिहानै नगरको सबै क्षेत्रबाट फोहर सङ्कलन गर्छ। उपमहानगरले त्यसका लागि प्रत्येक वडामा ट्र्याक्टर, स्वीपर, मेस्तर उपलब्ध गराएको छ। यी सबैले बिहानै सबै फोहर सङ्कलन गरेर लैजान्छन्, तर स्थानीयबासीले दिनभरिमा ती स्थानमा फेरि फोहर ल्याएर राखिदिने गर्छन्।

भारतको उत्तर प्रदेश राज्यको कानपुरबाट जानकी मन्दिर दर्शन गर्न पहिलो पटक जनकपुर आएका रामउदगार मिश्रले भने, 'हामीले भारतका धेरै तीर्थस्थल घुमेका छौं। प्रायःजसो धार्मिक तीर्थस्थल सफासुग्घर नै हुने गर्छन्। यो जनकपुरमा किन यस्तो भएको होला ?'

बस रिजर्भ गरेर समूहमै आएका उनीहरूले बाह्रबिघा मैदानमा सामुहिक खाना पकाउने क्रममा चारैतिर देखेको फोहरले अचम्ममा परेको सुनाए।

जनकपुरका ऐतिहासिक पोखरीहरूको अवस्थामा पनि योभन्दा फरक छैन। नगरको मुख्य बजार वरपरको २/४ वटा पोखरी अलि सफा देखिए पनि अधिकांश पोखरीको अवस्था दयनीय र कुरुप छ। पोखरीको चारैतिर कुनामा फोहर देखिन्छ भने पानीमाथि प्लास्टिक, कागज, पाइपका टुक्रा, सडेगलेका झारपात देखिन्छ।

यी पोखरीहरूमा वर्षको एक दिन अर्थात् छठ पर्वको अवसरमा सफाइ हुन्छ। त्यो बेला पूजा गर्न पोखरी सरसफाइ हुने गर्दछ।

जनकपुर-९, साकेतनगरका अमरेन्द्र मल्लिकले भने, 'पोखरीमा फोहरमात्रै हैन, पोखरी वरिपरि घर भएकाहरूका शौचालयको ढल नै पोखरीमा मिसाइएको छ।' उनका अनुसार पोखरी सौन्दर्यकरणको नाममा प्रदेश सरकारदेखि स्थानीय तहले लाखौंको योजना बनाउने गरेको र लगानीसमेत हुने गरे पनि त्यसको उपयोगिता देखिएको छैन।

जनकपुरधाम घुमेर जानेहरूको सामाजिक सञ्जालहरूमा प्रतिक्रिया हेर्ने हो भने अधिकांशले जनकपुरको फोहरकै विषयमा आफ्ना विचार राखेको देखिन्छ। उनीहरू यस्तो हुनुमा स्थानीय तह, प्रशासन लगायतलाई मुख्य जिम्मेवार ठान्छन्।

सहरलाई सफासुग्घर राख्न जनकपुर उपमहानगरपालिका नै उदासीन रहेको स्थानीयबासी बताउँछन्। नागरिक आफैं सचेत नभएका कारण पनि फोहरको समस्या समाधान हुन नसकेको उनीहरूको भनाइ छ।

## कुटीको जग्गाबाट उठिबास गराउन ............

छौं,' अध्यक्ष साहले भने, 'राज्यले कानुनको अपव्याख्या गरेर हाम्रा सन्तानको भविष्यमाथि खेलबाड गर्न पाउँदैन।' आफूहरूले उठाएका जायज मागहरू यथाशीघ्र सम्बोधन नगरिए आन्दोलनका कार्यक्रमहरूलाई निरन्तर जारी राख्ने चेतावनी सङ्घर्ष समितिले दिएको छ।

